# भरतपुर महानगरपालिका

## नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु

### (बैठक सङ्ख्याः ११७, बैठक मितिः २०८२।१२।१९ गते बिहीबार, दिनको ३.०० बजे)

<table>
<tr><th>क्र.सं.</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th></tr>
<tr><td>१.</td><td>११६औं बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।</td><td>मिति २०८२।११।२७ को ११६औं बैठकका निर्णयहरूको समीक्षा गर्दा निर्णय कार्यान्वयन प्रक्रिया सन्तोषजनक रहेको पाईयो ।</td></tr>
<tr><td>२.</td><td>स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यविधि बमोजिम स्वमूल्याङ्कन समन्वय समितिले पेश गरेको प्रतिवेदन सम्बन्धमा ।</td><td>स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन कार्यविधि बमोजिम स्वमूल्याङ्न समितिले पेश गरेको तपसिलको सुझाव ग्रहण गरी उक्त प्रतिवेदन जिल्ला समन्वय समितिमा पेश गर्ने ।
<table>
<tr><th>क्षेत्र</th><th>कूल अंकभार</th><th>दाबी गरिएको प्राप्ताङ्क</th></tr>
<tr><td>सुशासन तथा संस्थागत विकास</td><td>४०</td><td>३२</td></tr>
<tr><td>सामाजिक विकास</td><td>२०</td><td>१५.५</td></tr>
<tr><td>आर्थिक विकास</td><td>२०</td><td>१३.९</td></tr>
<tr><td>पूर्वाधार विकास</td><td>१०</td><td>८.९</td></tr>
<tr><td>वन वातावरण तथा विपद् व्यवस्थापन</td><td>१०</td><td>६.४</td></tr>
<tr><td>जम्मा</td><td>१००</td><td>७६.७</td></tr>
</table>
<u>कार्यपालिकालाई प्राप्त भएका सुझावहरु-</u><br>
१. वैकल्पिक उर्जा सम्बन्धी बजेट वातावरण शाखाबाट कार्यान्वयन हुने गरी विनियोजन गर्नुपर्ने ।<br>
२. आन्तरिक नियन्त्रण प्रणाली तुरुन्त जारी गर्नुपर्ने ।<br>
३. सेवा प्रवाह मापदण्ड (SOP) लागू गर्नुपर्ने ।<br>
४. नगरस्तरीय योजना छनोट गर्दा समेत टोल बस्तीमा भेला गरी गर्नुपर्ने ।<br>
५. आवधिक योजना तुरुन्त संसोधन सहित पारित गरी लागू गर्नुपर्ने ।<br>
६. योजना बैङ्कमार्फत योजना कार्यान्वयन गर्नुपर्ने ।<br>
७. मध्यमकालीन खर्च संरचना पूर्ण अद्यावधिक गर्नुपर्ने ।<br>
८. जलवायू अनुकूलन योजना स्वीकृत गरी बजेट विनियोजन गर्नुपर्ने ।</td></tr>
</table>

| | | |
|---|---|---|
| | | ९. सम्पन्न भएका सबै आयोजनाहरु सम्बन्धित तहमा हस्तान्तरण गर्नुपर्ने ।<br>१०. एक वडा एक उत्पादन कार्यक्रम सुरु गर्नुपर्ने ।<br>११. बायो इन्जिनियरिङ लागू गर्ने ।<br>१२. युवालाई कृषि तथा पशुपंक्षी क्षेत्रको विकासमा **Start- up funding** वा सुलभ कर्जा प्रदान गर्ने ।<br>१३. आफ्नो क्षेत्राधिकार बाहिर गई करारोपण नगरेको र सो को विवरण कार्यपालिकाले प्रमाणित गर्नुपर्ने ।<br>१४. अघिल्लो आ.व. को तुलनामा प्रति वर्ष १० प्रतिशत राजश्व संकलन वृद्धि गर्नुपर्ने भएकोले यथार्थपरक राजश्व अनुमान प्रक्षेपण गर्न राजश्व परामर्श समितिले निर्णय गर्नुपर्ने र सो विपरित निर्णय भएमा कार्यपालिकाले पून: सो समितिमा फिर्ता पठाउने ।<br>१५. सभाबाट भएका निर्णयहरु ७ दिन भित्र र कार्यपालिकाको निर्णय ७२ घण्टा भित्र वेवसाइटमा अपलोड गर्नुपर्ने ।<br>१६. वार्षिक बजेटमा वियषक्षेत्र अनुसार विकासका प्राथिमिकता सांकेतीकरण गरिनुपर्ने ।<br>१७. लेखापरीक्षण प्रतिवेदन उपर कार्यपालिकामा छलफल गर्ने र १ महिना भित्र वेवसाइटमा प्रकाशन गर्ने ।<br>१८. मातहतका विद्यालय, वडा कार्यालय र स्वास्थ्य चौकीहरुको नियमित अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने र सो उपर कार्यपालिकामा छलफल गरिनुपर्ने । |
| ३. | विविध | |
| क. | **Wheel Excavator** को बिल भुक्तानी सम्बन्धमा । | यस महानगरपालिकाको ठेक्का नं. **55-BMC/081/082/G/NCB/92** मार्फत खरिद प्राप्त **Wheel Excavator** को भुक्तानीका सम्बन्धमा प्राकृतिक विपद्का कारण तोकिएको समयमा आपूर्ति नभएकोले यस कार्यालयको खरिद ईकाइ तथा आर्थिक प्रशासन महाशाखाको राय/सिफारिस बमोजिम १३ दिनको **Liquidated Damage** बापतको रकम कट्टा गरी बाँकी रकम सम्बन्धित फर्मको नाममा भुक्तानी गर्ने । |
| ख. | **EIA** प्रतिवेदनको भुक्तानी सम्बन्धमा । | भरतपुर महानगरपालिकाको ठोस प्रशोधन/व्यवस्थापन केन्द्र निर्माण तथा सञ्चालनको लागि (**EIA**) प्रतिवेदन बनाउन आदी कन्सल्टेन्ट प्रा.लि. र भरतपुर महानगरपालिका बिच २०८०/१०/१२ गते भएको ठेक्का सम्झौताको खरिद प्रक्रिया सम्बन्धी फाईल तथा कागजात जलेर नष्ट भएको र तत्काल निर्माण कार्य अगाडी बढाउन आवश्यक भएकोले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको अन्तिम मस्यौदा भुक्तानीको लागि पेश भएको सम्झौता बमोजिम ठेक्का रकमको ६०% ले हुन आउने भ्याट बाहेकको रकम रु १०,१९,१००।— (अक्षरेपि दश लाख उन्नाईस हजार एक सय मात्र) को भुक्तानी दिने । |

भरतपुर महानगरपालिका

नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु

(बैठक सङ्ख्याः ११७, बैठक मितिः २०८२।१२।१९ गते बिहीबार, दिनको ३.०० बजे)

| | | |
|---|---|---|
| ग. | अव्यवस्थित तार व्यवस्थापन गर्ने सम्बन्धमा । | महानगरपालिका क्षेत्र भित्र रहेका अव्यवस्थित तार भूमिगत गरी व्यवस्थित गर्न नेपाल दुरसञ्चार प्राधिकरण सँग सहकार्य गरी विस्तृत अध्ययन प्रतिवेदन तयार गर्न अनुमती प्रदान गर्ने । |
| घ. | जग्गाको स्वामित्व नभएका संघ-संस्था तथा निकायका नाममा विनियोजित बजेट/योजना कार्यान्वयन सम्बन्धमा । | आ.व. २०८२/८३ मा यस महानगरपालिका अन्तर्गत संघीय अनुदान र प्रदेश अनुदान स्रोतबाट कार्यान्वयन हुनेगरी विभिन्न सरकारी तथा सार्वजनिक जग्गाहरुमा मठ-मन्दिर, सामुदायिक भवन र अन्य संरचनाहरु जस्ता सार्वजनिक संरचना निर्माण गर्न बजेट प्राप्त भएको र महानगरको आन्तरिक स्रोतबाट समेत बजेट तथा कार्यक्रम विनियोजन भएकोमा त्यस्ता योजनाहरु कार्यान्वयन गर्दा जग्गाको स्वामित्व वा भोगाधिकार प्राप्त नभएका, नगरिएका स्थानमा गत विगतबाट नै खरिद कारवाही सुरु भई निर्माण कार्य सुरु भई अधुरा रहेका एवं विगतदेखी त्यस्ता संस्थाले भोगचलन गरिरहेका स्थानमा रहेका योजनाहरुको *कार्यान्वियन अन्तिम पटकको* लागि अघि बढाई योजना सम्पन्न गर्ने, निर्माण कार्य प्रारम्भ नभईसकेका र जग्गाको भोगचलन समेत नगरेका स्थानमा सार्वजनिक संरचना बनाउने योजनाहरु कार्यन्वयन नगर्ने। साथै आगामी दिनबाट जग्गाको स्वामित्व तथा भोगाधिकार कायम नरहेका जग्गामा सार्वजनिक संरचना निर्माण गर्न बजेट विनियोजन गर्दा वा त्यस्ता योजना कार्यान्वयन गर्दा जग्गाको भोगाधिकार प्रकृया पुरा गरेर मात्र गर्ने । |
| ङ. | नदीजन्य पदार्थ उत्खनन् सम्बन्धमा । | भरतपुर महानगरपालिका वडा नं. २९ स्थित रिग्दी खोलाको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी फोहर व्यवस्थापनमा प्रयोग गर्ने । |
| च. | आवश्यक सहयोग सम्बन्धमा । | भरतपुर महानगरपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न गर्न थप बजेट आवश्यक रहेको हुँदा सहयोगको लागि जिल्ला समन्वय समितिको कार्यालय, चितवन सँग बजेट माग गर्ने । |

भरतपुर महानगरपालिका

नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु

(बैठक सङ्ख्याः ११७, बैठक मितिः २०८२।१२।१९ गते बिहीबार, दिनको ३.०० बजे)

<table>
<tr>
<td>छ.</td>
<td>आ.व. २०८२/८३ का योजना संशोधन सम्बन्धमा ।</td>
<td>आ.व. २०८२/८३ का योजना देहाय अनुसार संशोधन गर्ने ।<br>देहाय :
<table>
<tr><th>वडा नं.</th><th colspan="2">योजना किताब पेज नं. र क्र.सं.</th><th>योजनाको नाम</th><th>संशोधन गर्ने</th></tr>
<tr><td>४</td><td></td><td></td><td>आदर्श गृह भवन निर्माण - रु ५ लाख</td><td>आदर्श गृहमा पर्खाल निर्माण - रु ५लाख</td></tr>
<tr><td>१२</td><td>५७</td><td>२९</td><td>विदेशबाट फर्केकालाई सचेतना कार्यक्रम रु. ५० हजार</td><td>सिद्धेश्वर मन्दिरको नाममा रहेको जग्गामा सामुदायिक भवन अधुरो निर्माण रु. ५० हजार</td></tr>
<tr><td>१२</td><td>५८</td><td>४७</td><td>नेपालका असल गाउँपालिका, महा-नगरपालिका अवलोकन भ्रमण रु १ लाख</td><td>सिद्धेश्वर मन्दिरको नाममा रहेको जग्गामा सामुदायिक भवन अधुरो निर्माण रु. १ लाख</td></tr>
<tr><td>१२</td><td>५९</td><td>८२</td><td>वडा कार्यालय भौतिक पूर्वाधार तथा सौन्दर्यकरण रु ३ लाख</td><td>सिद्धेश्वर मन्दिरको नाममा रहेको जग्गामा सामुदायिक भवन अधुरो निर्माण रु. २ लाख ५० हजार</td></tr>
<tr><td>१२</td><td>५७</td><td>२२</td><td>महिला तर्फको कार्यक्रम रु ४ लाख</td><td>विपन्न वर्गलाई स्वास्थ्य बीमा कार्यक्रम रु. १ लाख १५ हजार ७ सय ५०</td></tr>
<tr><td>१२</td><td>५७</td><td>४४</td><td>दलित तर्फको कार्यक्रम रु. ३ लाख</td><td>दलित विपन्न वर्गलाई स्वास्थ्य बीमा रु. ४५ हजार</td></tr>
<tr><td>१२</td><td>५६</td><td>१३</td><td>जनजाति तर्फको कार्यक्रम रु. २ लाख ५० हजार</td><td>जनजाति वर्गलाई स्वास्थ्य बीमा रु. ७४ हजार २ सय ८५</td></tr>
<tr><td>१२</td><td>५६</td><td>९</td><td>युवा लक्षित स्वरोजगार मूलक तालिम रु. ७ लाख</td><td>सिद्धेश्वर मन्दिरको नाममा रहेको जग्गामा सामुदायिक भवन अधुरो निर्माण रु. १ लाख</td></tr>
<tr><td>२५</td><td></td><td></td><td>रा. आ. वि. बयरघारीको लागि पूर्वाधार निर्माण — रु १ लाख</td><td>रा. आ. वि. बयरघारी बालविकास केन्द्र स्तरोन्नती सामाग्री खरिद — रु १ लाख</td></tr>
</table>
</td>
</tr>
</table>

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु

### (बैठक सङ्ख्याः ११७, बैठक मितिः २०८२।१२।१९ गते बिहीबार, दिनको ३.०० बजे)

| | | |
|---|---|---|
| ज. | आर्थिक सहयोग सम्बन्धमा । | • भरतपुर महानगरपालिका वडा नं. १ बस्ने श्री डिल बहादुर नेपालीलाई मेरुदण्डको शल्यक्रिया गर्नको लागि रु. ६०,०००।— (अक्षेरुपि साठी हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने ।<br>• भरतपुर महानगरपालिका वडा नं. ९ बस्ने श्री गौतम प्रसाद गुरुङ्ग दुर्घटनामा परी घाइते भएकाले उपचारार्थ रु. ६०,०००।— (अक्षेरुपि साठी हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने ।<br>• भरतपुर महानगरपालिका वडा नं. १६ बस्ने श्री अर्जुन थापालाई बोनम्यारोको क्यान्सर तथा मुटु सम्बन्धी रोगको उपचारार्थ रु. ६०,०००।— (अक्षेरुपि साठी हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने ।<br>• भरतपुर महानगरपालिका वडा नं. २१ बस्ने श्री शंकर राज राजभण्डारीको शारीरिक अपाङ्गताको उपचारार्थ रु. ६०,०००।— (अक्षेरुपि साठी हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने ।<br>• भरतपुर महानगरपालिका वडा नं. २१ बस्ने श्री प्रताप चन्द्र अधिकारीलाई क्यान्सर रोगको उपचारार्थ रु. ६०,०००।— (अक्षेरुपि साठी हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने ।<br>• भरतपुर महानगरपालिका वडा नं. २१ बस्ने श्री नन्द माया विश्वकर्माको उपचारका लागि रु. ६०,०००।— (अक्षेरुपि साठी हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने ।<br>• भरतपुर महानगरपालिका वडा नं. २८ बस्ने श्री किरण कुमार गदाललाई मुटु रोगको उपचारका लागि रु. ६०,०००।— (अक्षेरुपि साठी हजार रुपैयाँ मात्र) आर्थिक सहयोग गर्ने । |